# बाँफिकोट गाउँपालिकाको विनियोजन ऐन २०८१

गाउँसभाबाट स्वीकृत भएको मिति २०८०।३।१०।

बाँफिकोट गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सन्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा ब्यवस्थापन गर्ने बनेको ऐन

प्रस्तावना : बाँफिकोट गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सन्चित कोषबाट केही खर्रच गर्ने अधिकार दिने र सो रकम विनियोजन गर्न बान्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा २ बमोजिम बाँफिकोट गाउँपालिकाले यो ऐन बनाएको छ।

१ संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम " बाँफिकोट गाउँपालिकाको विनियोजन ऐन २०८१ " रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२ आर्थिक वर्ष २०८१।०८२ को लागि सन्चित कोषबाट खर्च गर्ने अधिकार : आर्थिक वर्ष २०८१।०८२ को लागि गाउँपालिका वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसूची १ मा उल्लेखित आम्दानी अनुसार चालु खर्च पुजीगत खर्च र वित्तीय ब्यवस्थाको रकम समेत गरी जम्मा रु ५५११५०९३२/०० मा नबढाइ सन्चितकोषबाट खर्च गर्न सकिनेछ।

३(१) यस ऐनद्वारा सन्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२को निमित्त बाँफिकोट गाउँपालिकाको वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

३(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका वडासमिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरेको रकममा कुनैमा अपुग हुने देखिएमा गाउँकार्यपालिकाले वचत हुने शिर्षकबाट अपुग हुने शिर्षकमा २५ प्रतिशत सम्म रकम सार्न सक्नेछ। पुजीगत खर्च र वित्तीय ब्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च बाहेक अन्य चालु शिर्षकमा रकम सार्न सकिने छैन।

३(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक भन्दा बढी शिर्षकमा रकम सार्न परेमा गाउँसभाको निर्णय लिनुपर्नेछ।

अनुसूची १

| सि न | बजेटको स्रोत/तह | स्रोत/विधि | आय अनुमान | ब्यय अनुमान | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | चालु | पूँजीगत | वित्तीय ब्यवस्था | जम्मा |
| 1 | समानिकरण अनुदान | संघीय सरकार | 85600000 | 49250000 | 36350000 | 0 | 85600000 |
| 2 | शसर्त अनुदान चालु | संघीय सरकार | 190832000 | 190832000 | 0 | 0 | 190832000 |
| 3 | शसर्त अनुदान पुँजीगत | संघीय सरकार | 64233000 | 0 | 64233000 | 0 | 64233000 |
| 4 | विषेश अनुदान पुँजीगत | संघीय सरकार | 5000000 | 0 | 5000000 | 0 | 5000000 |
| 5 | समानिकरण अनुदान | कर्णाली प्रदेश | 8886000 | 5872000 | 3014000 | 0 | 8886000 |
| 6 | शसर्त अनुदान चालु | कर्णाली प्रदेश | 62633000 | 62633000 | 0 | 0 | 62633000 |
| 7 | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड (नगद) | 93100000 | 67200000 | 25900000 | 0 | 93100000 |
| 8 | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड (नगद) | 500000 | 0 | 500000 | 0 | 500000 |
| 9 | आन्तरिक श्रोत | आन्तरिक श्रोत (नगद) | 29,866,932 | 14933466 | 14933466 | 0 | 29866932 |
| 10 | आन्तरिक श्रोत | आन्तरिक श्रोत अल्या(नगद) | 10500000 | 5250000 | 5250000 | 0 | 10500000 |
| | | जम्मा | 551150932 | 395970466 | 155180466 | 0 | 551150932 |

दस्तखत :

जनक कुमार बाँठा मगर

अध्यक्ष

प्रमाणिकरण मिति २०८१।३।३०।